कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

SAGARMATHA JALABIDHYUT COMPANY LIMITED

सगरमाथा जलविद्युत कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा.-२९, काठमाण्डौ

(आयोजनाको नाम : सुपर माई ए जलविद्युत आयोजना)

www.sagarmathajbc.com.np Email: sagarmathahydropower@gmail.com

को

आयोजना प्रभावित क्षेत्रका इलाम जिल्लाको स्थानिय बासिन्दाहरुको निमित्त शेयर निष्काशन तथा बिक्री खुल्ला भईरहेको बारेको सूचना ।

आयोजना प्रभावित क्षेत्र ईलाम जिल्लाका स्थाई बासिन्दाहरुका लागि जारी पूँजीको १० प्रतिशत अर्थात ११,२०,००० कित्ता शेयर मिति २०७९/१०/०५ गते देखि निष्काशन तथा बिक्री खुल्ला भईरहेको सहर्ष जानकारी गराउँदछौं । साथै, माग गरे बमोजिमको आवेदन प्राप्त हुन नआएकोले हाललाई शेयर आवेदन दिने मिति २०७९/१०/२६ गते सम्म थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त समय सिमा भित्र माग भन्दा बढि शेयरको लागि आवेदन प्राप्त भएमा निष्काशन तथा बिक्री बन्द गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या: १०	कित्ता दरखास्त दिनुपर्ने अधिकतम शेयर संख्या: १०,००० कित्ता

दरखास्त साथ प्रति शेयर १००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्नेछ ।

सि.नं.	नाम र ठेगाना
क.	प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल, वेवसाइट: www.prabhucapital.com, फोन नं.: ०१-४१६९१००, ०१-५९७०२००
ख.	सगरमाथा जलविद्युत कम्पनी लिमिटेड, का.म.पा-२९, अनामनगर, काठमाण्डौ, www.sagarmathajbc.com.np
ग.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www.sebon.gov.np

आयोजना प्रभावित क्षेत्रका स्थाई बासिन्दाहरुका लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम प्राप्त गर्न र बुझाउन सकिने स्थानहरु:

१. प्रभु बैक लिमिटेड, ईलाम शाखा ।

२. प्रभु बैक लिमिटेड साबिकको (सेञ्चुरी कमर्सियल बैक लिमिटेड, ईलाम शाखा) ।

३. प्राईम कमर्सिलय बैक लिमिटेडको मंगलाबारे, बिप्पल्याते शाखा ।,

४. आयोजना रहेको स्थान ईलाम जिल्ला, इलाम नगर पालिका वडा नं.२ सुम्बेक, गंगतेबेसी ।

५. नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेको सम्पूर्ण सी-आश्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु ।

६. प्रभु क्यापिटल लिमिटेडको कमलादी तथा यस क्यापिटलले निर्माण गरिएको अनलाईन https://ipoapply.prabhucapital.com लिङ्क मा गई आवेदन दिन सक्नेछन् ।

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/-(दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ ।

नोट: आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा आश्वा मार्फत आवेदन फारम बुझाउने व्यवस्था रहेको ।

निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७९/११/०५ गते (बैकिङ्ग समय पश्चात)सम्म

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई तथा कर्मचारीहरुलाई बिक्री वितरण गरेको शेयर सर्बसाधारणका लागि निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभए सम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या: १०	कित्ता दरखास्त दिनुपर्ने अधिकतम शेयर संख्या: ५०,००० कित्ता

कम्पनीको नेटवर्थ सम्बन्धी विवरण:

विवरण	वास्तविक				प्रक्षेपित		
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८० (आश्विन मसान्त)	२०७९/८०	२०८०/८१	२०८१/८२
प्रति शेयर आम्दानी रु.	३.७०	११.३९	११.६५	८.२४	७.२२	१०.३६	११.२३
प्रति शेयर नेटवर्थ रु.	१००.७६	११२.१३	१११.४१	१०९.१३	१०७.६८	११८.०४	१२९.२७
संचित नाफा नोक्सान (हजारमा)	३,३६६.०७	५४,८११.९०	६५,२०१.३४	५२,१३९.५९	८५,९६२.९३	२०२,०३३.१२	३२७,७७७.५०

प्रति मेगावाट लागत सम्बन्धि विवरण:

कम्पनीले निर्माण गरी संचालन गरेको सुपर माई ए जलविद्युत आयोजना (९.६ मे.वा.) को कुल (Interest During Construction (IDC) सहित प्रति मे.वा. रु.१९,८४,३३,०७७/- रहेको छ ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण:

सुपर माई ए जलविद्युत आयोजना (९.६ मे.वा.) को विद्युत उत्पादन अनुमतीपत्र वहाल रहने अवधि मिति २०७४/११/१८ देखि २१०९/११/१७ गते सम्म रहेकोले ३० वर्ष ७ महिना बाँकी रहेको छ ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण :

आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ९.०४ वर्ष र Discounted Pay Back Period १९.४०.वर्ष रहेको छ ।

जलविद्युत आयोजनाको कुल लागत विवरण:

सुपरमाई ए जलविद्युत आयोजना (९.६ मे.वा.) कुल लागत (Interest During Construction (IDC) सहित १,९०,४९,५७,५३७/- रहेको छ ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूवर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्यूवर रेटिङ्ग गराई "(ICRANP-IR)BBB- [Triple B Minus)] रेटिङ्ग प्राप्त गरेको छ । ICRA -NP BBB-(Is) ले" Considered to have moderste degree of safety regarding timely servicing of financial obligations" रहेको जनाउँदछ । यसको अर्थ वित्तीय दायित्वहरुको समयमै सेवा गर्ने सन्दर्भमा मध्यम स्तरको सुरक्षा भएको मानिन्छ । ईक्रा नेपाल लिमिटेडले ICRANP-IR] AAA b]lv [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR]AAA ले बलियो आधार जनाउँछ । [ICRANP - IR] D ले कमजोर आधार जनाउँदछ भने रेटिङ्ग संकेत पछाडी रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यसको अर्थ ICRA-NP BBB(Is) को स्थिति ICRA-NP BB(Is) को भन्दा एक चिन्ह तल रहन्छ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (ण) मा उल्लेख गरिएको छ ।

रेटिङ्ग ग्रेड प्रदान गरेको मिति २०७९/०३/०१ रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०८०/०२/३०

लागानीकर्ताले धितोपत्र सार्वजनिक निष्काशनमा आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरण-पत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयर निष्काशन तथा बिक्री बन्द गरिएको बारे सूचना ।

सगरमाथा जलबिद्युत कम्पनी लिमिटेडले सार्वजनिक निष्काशन गरेको शेयरको १०% अर्थात रु. १००/- अंकित दरका ४,३६,८०० (चार लाख छत्तीस हजार आठ सय) कित्ता शेयरहरु नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुको लागि मिति २०७९/१०/०५ गते देखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आज मिति २०७९/१०/१९ गते (बैकिङ्ग समय पश्चात्) सो शेयरको लागि आवेदन दिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधारमानि साधारण शेयरका लागि दरखास्त साथ रकम बुझिलिने कार्य आज मिति २०७९/१०/१९ गते (बैकिङ्ग समय पश्चात्) बन्द गर्नुहुन अनुरोध छ ।

यस नियकाशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु, निष्काशन बैंक तथा सम्बन्धित सबै नियमन निकायहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

यस निष्काशन सम्बन्धि विस्तृत जानकारीको लागि मिति २०७९ पौष २६ गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा कम्पनीको वेवसाइट www.sagarmathajbc.com.np तथा धितोपत्र निष्काशन बिक्रि प्रबन्धकको वेवसाइट www.prabhucapital.com.np बाट समेत प्राप्त गर्न सकिने छ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

prabhu CAPITAL प्रभु क्यापिटल लिमिटेड

(A Subsidiary of Prabhu Bank Limited)

कमलादी, काठमाडौं, फोन नं. ०१-५९७०२००, ०१-४१६९१००

E-mail: info@prabhucapital.com, web: www.prabhucapital.com

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाइ साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला रहने तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि साधारण शेयरको निष्काशन बिक्री बन्द सम्बन्धी सूचना मिति २०७९ माघ १९ गते बिहिबार नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिनेछ ।